**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र नियमावली, २०६५ को नियम ३ बमोजिम २०८१ साल श्रावण १ देखि २०८१ चैत मसान्तसम्मको फालेलुङ गाँउपालिकाको कार्यलय, थकेपुङ, पाँचथरसँग सम्बन्धित स्वत प्रकाशन सूचनाको विवरण।**

(प्रकाशित मिति २०८२/०१/०७)

**१**.सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ अनुसार यस कार्यालयबाट प्रदान गरिएको सेवा प्रवाहमा सर्वसाधारण नागरिकको सूचनाको हक सुनिश्चित गर्न फालेलुङ गाँउपालिकाको कार्यालय,थकेपुङ, पाँचथर प्रतिबद्धता व्यक्त गर्दै यो चौथो त्रैमासिक प्रतिबेदन सार्वजनिक गरिएको छ।

## २फालेलुङ गाउँपालिकाको परिचय

महत्वपुर्ण भौगोलिक एवं ऐतिहासिक स्थानहरुमध्ये यसलाई पनि एउटा मान्न सकिन्छ। सबैभन्दा प्रमुख कुरा त यसै फालेलुङ डाँडाको नामबाटै यस गाउँपालिकाको नाम पनि "फालेलुङ" राखिएको हो। पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकहरुको लागि समेत "फालेलुङ" डाँडा एउटा नयाँ पर्यटकीय गन्तब्य स्थलको रुपमा स्थापित हुँदै गएको पनि देखिएको छ। तत्कालिन ब्रिटिशकालिन भारतको ईतिहासमा यो क्षेत्रबाट संसारको सबभन्दा अग्लो हिमश्रृंखलाको रुपमा रहेको कुम्भकर्ण (फक्ताङलुङ) र कञ्चनजंघा (केवालुङ) हिमाल हेर्नको लागि सडक निर्माण समेत गरिएकोले पर्यटकहरुलाई घुमघाम गर्न सहज भएको पाईन्छ।

"फालेलुङ" शब्द लिम्बु (याक्थुङ) भाषाबाटै राखिएको मौलिक स्थान नाम हो। तथापि यसको नाम कसरी फालेलुङ रहन गयो भन्ने सवालमा ईतिहासकारहरुका फरक फरक किसिमका किम्बदन्तिहरु रहेकोछ। फालेलुङ गाउँपालिका नेपालको सुदूरपूर्वी जिल्ला पाँचथरको उत्तरपूर्वी भागमा फालेलुङ गाउँपालिका अवस्थित छ। यस (फालेलुङ) गाउँपालिका पाँचथरको वडा नम्बर तीन, चार, पाँच र छ एवं छिमेकी देश भारतको सिमानाको रुपमा रहेको महाभारत पर्वत श्रृंखलामा "फालेलुङ" भन्ने एउटा डाँडा छ। यो डाँडासँग यस क्षेत्रका मानिसहरूको इतिहास, जीवन, भाषा, संस्कार र संस्कृति जोडिएको पाइन्छ। फालेलुङ गाउँपालिका क्षेत्रभित्रको क्षेत्रका लिम्बु (याङक्युङ) हरु उहिले उहिले सुँगुरको पाठा बेच्न उत्ता दार्जिलिङतिर जाने गर्दथे। त्यसबेला उनीहरू यहीँ डाँडाको बाटो भएर जाने गर्दथे। लिम्बुहरूले यसरी सुँगुर बेच्न दार्जिलिङ हिंडेको बेला

यस डाँडामा पुगेपछि यहाँ रहेका ढुङगाहरुमा एकैछिन उनीहरुले आफ्ना सुँगुरको पाठाहरुलाई विसाउँथे र दाना-खुवाउँथे। यहाँको ढुङ्गाहरुमा यसरी सुँगुरहरु बिसाउने गरिएकोले यी ढुङ्गाहरुलाई उनीहरुले "फाक्नामलुङ" (सुँगुर बिसाउने ढुङ्गा) भन्दथे। सुँगुर बिसाउने गरिएको ढुङगालाई लिम्बुहरुले "फाक्नाम्लुङ" भन्दछन। किनभने सुँगुरलाई लिम्बुहरुले "फाक" भन्दछन र बिसाउनुलाई "नाम वा नामा" भन्दछन र ढुङगालाई

फालेलुङ गाउँपालिकाको कार्यालय
गाउँ कार्यपालिकाको
थकेपुङ, पाँचथर
कोशी प्रदेश, नेपाल
२०७३

"लुङ" भन्दछन। "फाक्नामलुङ" (सुँगुर विसाउने ढुङगा) लाई नै पछि "फाक्लुङ" भन्न थालियो। यसरी सो ढुंगा रहेको स्थानलाई "फालेलुङ" भन्न थालियो। कालान्तरमा उक्त डाँडालाई पनि "फालेलुङ" भन्न थालियो र "फालेलुङ डाँडा" नाम रहन गयो।

"फालेलुङ" स्थान नामबारे अर्को पनि किम्बदन्ति रहेकोछ। "फालेलुङ" प्राकृतिक भु-बनावटको आधारबाट राखिएको एउटा स्थान नाम हो। यस ठाउँमा पत्रैपत्र भएर खप्टिएको ढुङ्गाहरु धेरै भेटिन्छ। यसरी पत्रैपत्र खप्टिएर बनेको ढुङ्गालाई लिम्बुहरुले "कुभाक्-कुभाक् लुङ" भन्दथे भने केहीले "फाक्सीङलुङ" पनि भन्ने गर्दथे। यस डाँडामा रहेको यस्तो पत्रैपत्र भएको ढुङ्गाहरुलाई स्थानीय लिम्बुहरुले "फाक्सीङलुङ" वा "कुभाक्-कुभाक् लुङ" भन्दथे। "फाक्सीङलुङ" शब्द पछि अपभ्रंश भएर "फालेलुङ" भन्न थालियो र उक्त "फालेलुङ" (फाक्सीङलुङ) ढुङगाको नामबाटै यस ठाउँलाई पनि "फालेलुङ" भन्न थालियो। त्यस्तै अर्को भनाई अनुसार "फालेलुङ" स्थान नाम मौसम, जल-वायुको आधारमा रहेको हो। उहिले यस डाँडामा निक्कै लेक लाग्ने गर्दथ्यो। तल गाउँबाट हिंडेका मानिसहरु यस डाडाँमा रहेको पत्रैपत्र भएको ढुङगाहरुमा पुगेपछि लेक लाग्दथ्यो। लेक लागेकै कारण उता सिक्किम, दार्जिलिङ हिंडेका मानिसहरुलाई यो डाँडा काटेर जान निक्कै गाहो पर्दथ्यो। यसरी यहाँ पुगेपछि धेरै लेक लाग्ने भएको हुनाले यहाँ रहेको पत्रैपत्र भएको ढुङगाहरुलाई लिम्बुहरुले "फाङलेप्लुङ" (लेक लाग्ने ढुङगा) भन्दथे। खासगरी यस ठाउँमा पुगेपछि लेक लाग्ने अथवा लेक लाग्न सुरु हुने भएकोले यहाँका ढुङगाहरूलाई "फाङलेप्लुङ" भनिन थालिएको हो। लेक लाग्ने ठाउँको ढुङ्गाहरुलाई लिम्बुहरुले "फाङलेप्लुङ" भन्दछन किनभने लेक लाग्नुलाई उनीहरुले "फाङिल्आलेप्" वा "फाङलेप" र ढुंगालाई "लुङ" भन्दछन। त्यै "फाङलेप्लुङ" नै पछि "फालेलुङ" (लेक लाग्ने ढुङ्गा) भन्न थालियो। त्यै ढुङगाहरुको नामबाटै पछि यस ठाउँलाई "फालेलुङ" भन्न थालियो र सो ठाउँको डाँडालाई "फालेलुङ डाँडा" भन्न थालियो। अर्को भनाई अनुसार यस डाँडामा उहिले हिउँद लागेपछि पुरै हिउँ परेर यहाँको सबै ढुङ्गाहरु हिउँले छोपेर सेताम्मे हुन्थ्यो। सेताम्मे भएका ढुङगाहरुलाई यहाँका स्थानीय लिम्बुहरुले "फःलेक्लुङ" भन्दथे। सेतो हिउँले छोपिएको ढुङ्गालाई लिम्बुहरुले "फःलेक्लुङ" भन्दछन। "फःलेक्लुङ" अपभ्रंश भएर पछि "फालेलुङ" भन्न थालियो। कालान्तरमा "फालेलुङ" ठाउँको नाम यसरी रहन गएको पाईन्छ। यसै ठाउँको नामबाट "फालेलुङ गाउँपालिकाको नाम राखिएको हो। फालेलुङ

गाउँपालिकाको पूर्वमा भारतको सिक्किम र पश्चिम बंगाल राज्यहरु, उत्तरमा याङवरक गाउँपालिका, पश्चिममा हिलिहाङ गाउँपालिका र दक्षिणमा फिदिम नगरपालिका तथा इलाम जिल्लाको सन्दकपुर गाउँपालिका पर्दछन् ।

राष्ट्रिय जनगणना -२०७८ अनुसार कुल२०७.१४ वर्गकिलोमिटर क्षेत्रफल ओगटेको यस गाउँपालिका ८ वटा वडाहरुमा विभक्त छ ४,९१५ घरधुरीमा १०,२४२ महिला र १०,११९ पुरुष गरी२०,३६१ जना मानिसहरुको बसोबास रहेको छ। ५,५६५ हेक्टर वन क्षेत्र भएको यस गाउँपालिकामा २०,३२० हेक्टर जमिनमा खेतीपाती लगाइन्छ ।

फालेलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थकेपुङ, पाँचथर कोशी प्रदेश, नेपाल २०७३

नेपाल-भारत सीमा क्षेत्रमा पर्ने फालोट, तीन सिमाना, चाररातेे प्रचुर संभावनाले युक्त सुप्रसिद्ध पर्यटकीय गन्तव्यहरु हुन् । वर्षको 4 महिना हिउँले ढाक्ने यी क्षेत्रमा 28 प्रजातिका गुराँसहरु तथा दर्जन बढी प्रजातिका अमूल्य जडिबुटीहरु पाइन्छन् । हेंवाखोला, खेउथाम (खेओथाम) खोला, नवमीखोला, मुवाखोला आदियहाँका प्रमुख खोलाहरु हुन। पानावा झरना, मुवा झरना, तीन छाँगे झरना (खेओथावा) आदि यहाँका मनमोहक झरनाहरु हुन् । सुकेपोखरी, लामपोखरी, भैंसे पोखरी, जलजले पोखरी, हेंवागङ्गा, नेपाली झण्डा पोखरी यस गाउँपालिकाका चित्ताकर्षक तालतलैयाहरु हुन भने, मुक्लुङ (मुक्लुङघुरी), शिवगंगा, आगेजुङ गुम्बा, पाथीभरा, महादेवस्थान, नरेलुङ धाम, हेंवाकोठी, बुढीथाम, साप्लालुङ (केःलुङ), थकेपुङ आदि यहाँका पवित्र धार्मिक स्थलहरु हुन् । पशुपालन, खेतीपाती र पर्यटन व्यवसाय नै यहाँका मानिसहरूका मूख्य पेशा हुन्। यस गाउँपालिकामा लिम्बू, राई, क्षेत्री, ब्राहमण, मगर, तामाङ, कामी, दमाई, सार्की, भुजेल र शेर्पा आदि विविध जातजातिको साझा बसोबास रहेको पाइन्छ । यहाँको 'प्रकृति' र 'संस्कृति' मा 'प्रविधि' समेत जोड्न सकेमा निकट भविष्यमै फालेलुङ गाउँपालिकाको उज्यालो भविष्यको सहज परिकल्पना गर्न सकिन्छ ।

## ३.फालेलुङ गाँउपालिकाको मिति २०८१/०४/०१-२०८१/१२/३१ सम्मको ब्यक्तिगत घटना दर्ताको विबरण:-

व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन

नेपाल सरकार
स्थानीय पञ्जिकाधिकारीको कार्यालय
फालेलुङ गाउँपालिका

जिल्ला : पाँचथर गा.पा/न.पा. : फालेलुङ दर्ता मिति देखि : २०८१-०४-०१ दर्ता मिति सम्म : २०८१-१२-३१

| वडा नं. | जन्म | | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख् |
| १ | २३ | २२ | | ४५ | ८ | १२ | | २० | २ | १३ | २ | २ | १४ | ४३ |
| २ | २९ | ३८ | | ६७ | १२ | १० | | २२ | ३ | २२ | १ | ४ | २१ | ८१ |
| ३ | ४२ | ३६ | | ७८ | २३ | १० | | ३३ | ४ | २७ | १ | ४ | १० | ३४ |
| ४ | १६ | ८ | | २४ | ९ | ६ | | १५ | १ | १२ | | | ६ | २३ |
| ५ | ४७ | ३९ | | ८६ | १९ | २७ | | ४६ | ६ | ४० | १ | ४ | १३ | ४४ |
| ६ | १७ | २८ | | ४५ | १२ | ११ | | २३ | ४ | १८ | १ | १ | ४ | ७ |
| ७ | ३५ | ३१ | | ६६ | १४ | १७ | | ३१ | ४ | २२ | २ | ५ | ११ | ३० |
| ८ | ४९ | ५० | | ९९ | ९ | ९ | | १८ | ३ | २३ | २ | ३ | १४ | ४१ |
| जम्मा | २५८ | २५२ | ० | ५१० | १०६ | १०२ | ० | २०८ | २७ | १७७ | १० | २३ | ९३ | ३०३ |

## फालेलुङ गांउपालिकाको समग्र आ.ब. ०८१/०८२ को तेस्रो त्रैमासिक बजेटको विवरण:-

| | | | | |
|---|---|---|---|---|
| १ | कुल बजेट | ५२७३८८००० | ३०५४२४२९०.७१ | ५७.९१ |
| २ | चालु | ३६७१८१३०५ | २३९८३५५१०.७१ | ६५.३१ |
| ३ | पुजिगत | १६०२०६६९५ | ६५५८८७८० | ४०.९४ |
| ४ | संघिय सरकारबाट हस्तारन्तरित समपुरक अनुदान | १५५००००० | ९३५५६९ | ६.०३ |
| ५ | | | | |
| ६ | प्रदेश सरकारबाट हस्तान्तरित समपुरक अनुदान | ८४५०००० | ६३००००० | ७४.५५ |

क्षेत्रगत

| | | | | |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५७४७३२६७ | १५५०८८३४.०४ | २६.९८ |
| क | कृषि | ६३८३१७३ | २३२५३४१.६४ | ३७ |
| ख | पशुपन्छी विकास | ४७३६९५७ | ११७९३९० | २४.८९ |
| २ | सामाजिक विकास | ३१७३९७६३४ | २०७५४१७०१.९७ | ६५.३८ |
| क | शिक्षा | २२८८०२१७३ | १५८२१४८५२.५७ | ६९.१४ |
| ख | स्वास्थ्य | ७२४४८१७३ | ४४०२७६२७.३४ | ६०.७७ |
| ३ | पुर्वाधार विकास | ५५६९५४९२ | २०४८५४०९ | ३६.७८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १६६९१००० | ८५७८५६४.८ | ५१.३९ |
| ५ | कार्यलय तथा प्रशासनिक क्षेत्र | ८०१३०५९८ | ५३३०९७८०.९६ | ६६.५२ |

फालेलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थकेपुङ, पाँचथर
कोशी प्रदेश, नेपाल
२०७३

**४.सार्बजनिक निकायको वेभसाईट भए सो को विवरण:-**

www.phalelungmun.gov.np र Facebook page- फालेलुङ गाँउपालिकाको कार्यलय।

**५.सार्वजनिक निकायले प्रप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:-**

फालेलुङ गाँउपालिकामा वैदेशिक सहयता, ऋण, अनुदान, एवं प्राविधिक सहयोग र सम्झौता नभएको।

**६.सार्वजनिक निकायमा परेका सुचना मागसम्बन्धी निबेदन र सो उपर सुचना दिइएको विवरण:-**

| क्र.स. | सुचना मागहरुको विवरण | मिती | सुचनाको व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| १ | श्री पार्वता राजधामी रामधुनि नगरपालिका । | २०८१/१२/१७ | रकमान्तर भएको बजेट विवरण र जिन्सी दाखिल प्रतिवेदनको विवरण। | भएको जानकारी दिएको। |

फालेलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थकेपुङ, पाँचथर कोशी प्रदेश, नेपाल २०७३

रणजित आङ्बुहाङ लिम्बु
सुचना अधिकारी